annapurnapost.com

अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक २०३, पृष्ठ ८ | काठमाडौं, आइतबार १४ मंसिर २०८२ | मार्ग शुक्लपक्ष दशमी, नेपाल संवत् ११४६ | SUNDAY, NOVEMBER 30, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

सरकारलाई ऋणको भार, बाह्यभन्दा आन्तरिक ऋणको जोखिम

मुलुकको राजस्वले कर्मचारी र सरकारी पदाधिकारीलाई तलब र भत्ता खुवाउनै ठिक्क हुन्छ। बर्सेनिका घाटा बजेट परिपूर्ति गर्न, भौतिक पूर्वाधार निर्माण तथा प्राथमिकता प्राप्त क्षेत्रमा लगानी बढाउन र रोजगारीका अवसर सिर्जना गर्न सरकारले ऋण लिनैपर्ने बाध्यता छ। तर, सरकारले बाह्यभन्दा आन्तरिक ऋण उठाउनेतिर ध्यान दिँदा ब्याज महँगो पर्ने र दीर्घकालीन योजना कार्यान्वयन हुन नसक्ने भन्दै विज्ञहरू चिन्ता व्यक्त गर्छन्। अर्कोतिर, सरकारले लिने ऋण उत्पादन क्षेत्रभन्दा अनुपात्दक क्षेत्रमा बढी प्रयोग हुँदा पनि मुलुकको अर्थतन्त्रमा गम्भीर समस्या पर्न सक्ने विज्ञहरूको भनाइ छ।

समाचार पृष्ठ २

ममता थापा | *काठमाडौं*

– को रिपोर्ट



सन् २०२३ सम्ममा कुल गार्हस्थ्य उत्पादन (जीडीपी) को अनुपातमा विभिन्न मुलुकहरूको सार्वजनिक ऋणको स्थिति

श्रीलंकामा भीषण बाढीपहिरो, १२३ को मृत्यु

कोलम्बो (एजेन्सी): श्रीलंकामा देशभर परेको भारी वर्षा र बाढीका कारण हालसम्म १ सय २३ जनाको ज्यान गएको छ। १ सय ३० जना अझै बेपत्ता छन्। महानिर्देशक सम्पत कोटुवेगोदाअनुसार राहत कार्य तीव्र रूपमा अगाडि बढिरहेको छ। ४३ हजार ९ सय ९५ जनालाई घर क्षतिग्रस्त भएकाले राज्य सञ्चालित राहत केन्द्रमा सारिएको छ।

सोमबारबाट भारी वर्षा सुरु भएको थियो। बुधबार मुख्य क्षेत्रमा अझ तीव्र वर्षा भएपछि देशभर बाढीको अवस्था झन् गम्भीर बनेको छ। शुक्रबार साँझ केलानी नदीको तटबन्ध भाचिँदा धेरै मानिसलाई अस्थायी शिविरमा सार्नु परेको थियो। देशका अधिकांश भागमा वर्षा कम भए पनि उत्तरतर्फका केही क्षेत्रमा अझै पानी परिरहेको छ। भारतले पीडितहरूका लागि आवश्यक राहत सामग्री पठाइसकेको छ। आवश्यक परे थप सहयोगका लागि तयार रहेको भारतीय अधिकारीले जानकारी दिएका छन्।

सरकारले उद्धार र राहत कार्यलाई अझ सुदृढ बनाउन सैनिक बल परिचालन गरेको छ। जहाँ, हेलिकप्टर र डुंगा प्रयोग गरी फसेका बासिन्दाको उद्धार गरिएको छ।

केन्द्रका अधिकारीहरूले बताएअनुसार बाढीको स्तर सन् २०१६ भन्दा बढी हुने अनुमान गरिएको छ। त्यतिबेला ७१ जनाको मृत्यु भएको थियो। सन् २००० पछि श्रीलंकामा आएको सबैभन्दा ठूलो बाढी सन् २००३ को जूनमा भएको थियो। त्यतिबेला पनि २ सय ५४ जनाको मृत्यु भएको थियो।

६२ वर्षीय अस्ट्रेलियन प्रधानमन्त्रीको विवाह

जे पाण्डे | *अस्ट्रेलिया*

६२ वर्षीय प्रधानमन्त्री एन्थोनी अल्बानिजीले शनिबार दिउँसो 'दी लज' अर्थात् प्रधानमन्त्रीको आधिकारिक निवासमा जोडी हेडनसँग विवाह गरेका छन्। उनले एउटा निजी समारोहको आयोजना गरेर विवाह गरेका हुन्। अल्बानिजी पदमा हुँदा विवाह गर्ने पहिलो अस्ट्रेलियाली प्रधानमन्त्री हुन्। प्रधानमन्त्रीको आधिकारिक निवासमै विवाह गर्ने उनी पहिलो व्यक्ति पनि भएका छन्।

विवाह लगत्तै उनीहरू दुवैले एउटा संयुक्त वक्तव्यमा भनेका छन्, 'हामी हाम्रो परिवार र सबैभन्दा नजिकका साथीहरूको उपस्थितिमा भविष्य जीवन एकसाथ बिताउने वाचा सार्वजनिक गर्न पाउँदा अत्यन्त खुसी छौं।' प्रधानमन्त्री अल्बानिजीले यसअघि नै वैवाहिक कार्यक्रम 'धेरै निजी' हुने र कुनै पनि विश्व नेताहरू उपस्थित नहुने बताएका थिए। तर, समारोहमा केही उच्चस्तरीय राजनीतिक व्यक्तिहरू सँगै मन्त्रीहरू उपस्थिति थिए। विवाह खर्च निजी रूपमा आफैंले व्यहोर्ने निर्णय गरेका छन्।

समारोहमा उनले आफ्ना आमाबुबालाई साथै लगेका थिए। नवविवाहित दम्पती सोमबारदेखि शुक्रबारसम्म अस्ट्रेलियाभित्रै छोटो हनिमुनमा जाने कार्यक्रम छ।

अल्बानिजी र हेडन २०१९ मा एक व्यापारिक भोजमा भेटिएका थिए र साउथ सिड्नी ग्याबिटोसप्रतिको समान प्रेमले उनीहरू नजिकिएका थिए। हेडनले २०२२ र २०२५ को संघीय चुनाव अभियानमा अल्बानिजीसँगै यात्रा गरेकी थिइन्। अल्बानिजीले २०२४ को भ्यालेन्टाइन डेमा विवाह प्रस्ताव गरेका थिए। उनी पदमा रहँदै विवाह प्रस्ताव गर्ने पहिलो अस्ट्रेलियाली प्रधानमन्त्री बनेका छन्।

उच्च सुरक्षा सतर्कताका कारण विवाहका योजनाहरू गोप्य राखिएको थियो। तर, पनि केही महिनाअघि नै अल्बानिजीले विवाह 'सानो र व्यक्तिगत' हुने बताएका थिए। 'यो म र जोडीबीचको व्यक्तिगत कुरा हो' उनले भनेका थिए।

उनको विवाह निजी र सानो समारोहमा भएकाले परिवारका सदस्य र निकट मित्र मात्रै सहभागी थिए। विवाहमा हेडनले सिड्नीको फेसन डिजाइनर ब्रान्ड रोमान्स वाज बोर्नको पोसाक लगाएकी थिइन्, र अल्बानीजीले सुटका लागि ब्रान्ड एमजे बाले रोजेका थिए। विवाहमा हेडनकी ५ वर्षीय भतिजी एला फूल-बालिका बनेकी थिइन्।

रूसको आक्रमणले किएभमा संकट गहिरिँदै

किएभ (एजेन्सी): रूसले शनिबार बिहान युक्रेनको राजधानी किएभमा गरेको हवाई आक्रमणमा ७ जना घाइते भएका छन्। मध्यरातपछि सहरभर ठूलो विस्फोटको आवाज सुनिएसँगै हवाई प्रतिरक्षा प्रणाली सक्रिय गरिएको थियो। किएभको सैनिक प्रशासनका प्रमुख तिमुर तकाचेन्काले भने, 'विपक्षीका उड्ने यन्त्रहरू राजधानी वरपर देखिएका छन् र हवाई प्रतिरक्षा दललले तिनको विरुद्ध सक्रिय रूपमा प्रतिक्रिया जनाइरहेका छन्।' किएभका मेयर विताली क्लिच्कोले आक्रमणका क्रममा सबै नागरिकलाई सुरक्षित स्थानमै बस्न अनुरोध गरेका छन्। उनका अनुसार राजधानीमा ७ जना घाइते भएका छन्, जसमा ४ जनालाई उपचारका लागि अस्पताल लगिएको छ। घाइतेमध्ये १३ वर्षे एक बालक पनि रहेको उनले जानकारी दिए।

आक्रमणका कारण सहरका केही आवासीय क्षेत्रमा रहेका घर र सवारीसाधनमा क्षति पुगेको स्थानीय अधिकारीहरूले बताएका छन्। यही साताभर रातको समयमा भएका यस्ते प्रहारका कारण किएभका विभिन्न बस्ती क्षेत्रमा आगलागी भएको थियो। ती घटनामा ७ जनाको मृत्यु भएको पुष्टि गरिएको छ।

जहाँ ढुंगा–ढुंगामा जीवनको खोजी छ

रत्नप्रसाद आचार्य | *सुनसरी*

धरान-८ स्थित बरगाछीको एक कुनामा धुलोले ढाकिएको एउटा कार्यशाला छ। जहाँ ढुंगा बोल्छन्, भावनाहरू आकार लिन्छन् र एक साधारण हम्मरले मान्छेको कथा अमर बनाइरहेको दृश्य देखिन्छ। यही कार्यशालामा दिनरात हम्मर चलाइरहेका धरानका युवा मूर्तिकार रमेश राईका लागि ढुंगा खोप्नु कुनै सामान्य पेसा होइन–जीवन जिउने संघर्ष र आत्मनिर्भर बन्ने प्रेरणाको कथा पनि हो।

फुस्रो अनुहार र हातमा कुटो-बसिलो बोकेर रमेश जब ढुंगामा प्रहार गर्न थाल्छन्, ढुंगाभित्र लुकेको अर्को जीवन बिस्तारै बाहिर आउन थाल्छ। कसैले अर्डर गरेको प्रतिमाको अनुहार जस्ताको त्यस्तै उतार्न उनी घण्टौं एकोहोरो, अडिग भएर काम गर्छन्। ढुंगा, धातु वा फाइबर जस्तोसुकै माध्यम किन नहोस्, रमेशका लागि ती भित्र परिवारको सम्झना, दुःख, प्रेम र इतिहासको गहिरो भाव बोकेको हुन्छ। आफ्ना मृत प्रियजनको स्मृतिदेखि जीवित व्यक्तिको यथार्थ प्रतिमासम्म–उनले बनाएका मूर्तिहरू वर्षौंसम्म परिवारका लागि बोल्ने सम्झना बनेर बाँचिरहेका छन्।

रमेशको यात्रा संघर्षबीच सुरु भएको हो। २०५६ सालतिर खोटाङ, हलेसीबाट धरान आएका उनलाई सुरुमा आफ्नो भविष्यबारे कुनै स्पष्टता थिएन। तर, बाल्यकालदेखि ढुंगा-माटोसँग खेल्दै आएको रुचिले नै उनलाई कलाको बाटोतर्फ फर्काईदिएको रमेशले बताए। आर्थिक अभाव, अनुभवको कमी र साधनको सीमितताबीच २०५९ सालमा उनले 'रोदुङ सिलालेख एन्ड स्टाच्यु प्रोडक्सन हाउस' स्थापना गरे। सानो कोठाबाट सुरु गरिएको त्यो काम आज १६ जनालाई रोजगारी दिने महत्त्वपूर्ण उद्योगका रूपमा विस्तार भएको छ। यो उद्योगले रमेशलाई मात्र होइन, अन्य युवाहरूलाई आत्मनिर्भरताको बाटो देखाइदिएको छ।

उनका सिर्जनाहरू कोशी प्रदेशका १४ वटै जिल्लामा उभिएका छन्। विद्यालय, स्थानीय तह, मन्दिर, सरकारी कार्यालयदेखि निजी घर-आँगनसम्म रमेशका सिला लेख, स्मारक, धार्मिक मूर्ति र विभिन्न प्रकारका प्रतिमाहरूले छुट्टै पहिचान बनाएका छन्। कामको सूक्ष्मता, मौलिकता, टिकाउपन र भावनात्मक अभिव्यक्तिका कारण ग्राहकहरू उनको सिर्जनामाथि विशेष भरोसा राख्छन्। रमेश ढुंगा मात्र होइन, धातु र फाइबरमा पनि जीवन भर्न सिपालु छन् तथा रङ लगाउनेदेखि फिनिसिङसम्मका सबै काममा उनी स्वयं खटिन्छन्।

कलाकारिता पेसाबाट घरपरिवार धान्न कठिन हुन्छ भन्ने धारणालाई रमेशले व्यवहारबाटै खारेज गरिदिएका छन्। उनी भन्छन्, 'पहिले मान्छे भन्थे, 'ढुंगा खोपेर खान पाइन्छ र ? आज यही पेसाले मलाई मात्र होइन, १६ जना युवालाई रोजगारी दिएको छ।' उनको कार्यशालाबाट सिकेका धेरै युवाहरू आफ्नै उद्यम सञ्चालन गरिरहेका छन्। स्थानीय कच्चा पदार्थ, स्थानीय बजार र स्थानीय सीपमा आधारित रोजगारी सिर्जनाको उनको प्रयासले धरानमा 'सिलालेख तथा प्रतिमा उद्योग' नयाँ पहिचान बन्दै गएको छ।

रमेशका योजनाहरू अझै ठूल्ठूला छन्। आधुनिक मेसिन भित्र्याउने, कार्यशाला विस्तार गर्ने र १०-१२ युवालाई थप तालिम दिने लक्ष्य राखेका छन्। 'जीविकोपार्जन गर्न विदेश धाउनुपर्दैन, आफ्नै सहरमा बस्दा पनि भविष्य निर्माण गर्न सकिन्छ,' रमेश भन्छन्। धरान-११ का राजुके राईले रमेशको कार्यशाला काम गर्ने मात्र ठाउँ नभई सिर्जनशीलता जन्मने, युवाहरूले भविष्य देख्ने र आत्मनिर्भर बन्ने पाठशाला भएको बताउँछन। रमेश राईको जीवन मूर्तिकारको मात्र कथा होइन–संघर्ष, समर्पण, धैर्य र सिर्जनशीलतामा ढुंगा जत्तिकै कठोर जीवनलाई पनि सुन्दर कलामा बदल्न सकिन्छ भन्ने प्रेरणादायी स्रोत बनेको उनको भनाइ छ।